गाउँ कार्यपालिका

मितिः २०८१।११।१३ गते

बैठक नं ५५

आज मिति २०८१।११।१३ गते मंगलबारका दिन दिउँसो ०१:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | अम्बिका |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | उर्मिला |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | भगवती |
| १६ | श्री भगवती माया माझी | सदस्य | |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मिति: २०८१।११।१३ गते

गाउँ कार्यपालिका

बैठक नं ५५

**प्रस्तावित विषयहरु**

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. डिपिआर एवं प्रस्ताव स्वीकृत सम्बन्धमा।
३. सङ्घीय समपूरक अनुदान तथा विशेष अनुदान माग सम्बन्धमा।
४. नियमावली तथा कार्यविधि सम्बन्धमा।
५. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यविवरण (ToR) स्वीकृत सम्बन्धमा।
६. आर्थिक सहायता सम्बन्धमा।
७. विविध १

अध्यक्ष

CamScanner

बैठक नं. ५५

मितिः २०८१।११।१३ गते                    गाउँ कार्यपालिका

**निर्णयहरु**

**निर्णय नं. ०१**

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

**निर्णय नं. ०२**

**प्रस्तावित विषय नं. ०२** माथि छलफल गर्दा बागमती गाउँ कार्यपालिका कार्यालयको मिति २०८१।१०।१८ तथा बागमती गाउँ कार्यपालिकाको मिति २०८१।१०।३० गतेको निर्णयानुसार देहाय बमोजिमका योजना तथा कर्यक्रमहरुको डिपिआर तथा प्रस्ताव गाउँ कार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार परामर्शदातृ संस्था छनौट गरी उक्त कार्यहरु गराएको हुँदा पारामर्शदातृ संस्थाहरुबाट आज बसेको गाउँ कार्यपालिकाको बैठकमा डिपिआर तथा प्रस्ताव पेश हुन आएकोले उक्त डिपिआर तथा प्रस्तावहरु उपर गहन छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

| क्र. सं. | योजना तथा कार्यक्रम | परामर्शदातृ संस्थाको नाम र ठेगाना | कबोल रकम (रु.) | सम्पादित कार्य | कै. |
|---|---|---|---|---|---|
| १ | Feasibility Study of Educational Status of Bagmati Rural Municipality | Himalaya Construction and Engineering Pvt. Ltd | ४,९८,८९५।- | प्रस्ताव तयारी | |

**निर्णय नं. ०३**

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा आ.व. २०८२।८३ का लागि प्रदेश र स्थानीय तहमा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि मिति २०८१।१०।१६ गते प्रकाशित प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम आ.व. ०८४।८२ मा कार्यान्वयन एवं प्रारम्भ हुने गरी यस गाउँपालिकाको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु प्राथमिकता क्रमको आधारमा सङ्घीय समपूरक तथा सङ्घीय विशेष अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

**सङ्घीय समपूरक अनुदान तर्फः**

| प्रा.क्र. नं. | योजना तथा कार्यक्रमको नाम | योजना कार्यान्वयन हुने स्थल | अनुमानित लागत (रु.) | सङ्घीय सरकार सँग माग गर्ने रकम (रु.) | गाउँपालिकाले व्यहोर्ने लागत सहभागिता रकम (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | झुरझुरे कभर्डहल निर्माण | बागमती-०४ | १, ५०,११,५६९।३१ | ९००६९४१।५९ | ६००४६२७।७३ | |
| २ | झुरझुरे खेलमैदान घेराबार तथा प्यारापिट निर्माण | बागमती-०४ | ३७८३७०३०।४१ | २२७१४२१८।२४ | १५१४२८१२।१६ | |
| ३ | १५ शैया अस्पताल घेराबार तथा संरक्षण | बागमती-०५ | १५००३७६४।७५ | ९००२२५८।८५ | ६००१५०५।९० | |

प्रमाणित

सर्वेन्द्र घलान
अध्यक्ष

CamScanner

मिति: २०८१।११।१३ गते

गाउँ कार्यपालिका

बैठक नं. ५५

**संघीय विशेष अनुदान तर्फ**

| प्रा.क्र. नं. | योजना तथा कार्यक्रमको नाम | योजना कार्यान्वयन हुने स्थल | अनुमानित लागत (रु.) | संघीय सरकार सँग माग गर्ने रकम (रु.) | गाउँपालिकाले व्यहोर्ने लागत सहभागिता रकम (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | Bagmati quality educational development and school ICT support project | बागमती गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरु | ३,००,००,०००।- | २,९०,००,०००।- | १०,००,०००।- | |
| २ | गुन्द्रुक खोला खानेपानी आयोजना | बागमती गाउँपालिका वडा नं. ०९, ०५, ०४, ०२, ०१ | २,९४,७०,२६८।८६ | २,९४,७०,२६८।८६ | ०।०० | |
| ३ | जनता मा.वि. खेलमैदान स्तरोन्नति | बागमती-०८ | २,९४,५४,२२४।९७ | २,९४,५४,२२४।९७ | ०।०० | |

***निर्णय नं. ०४***

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधनका लागि गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई निर्माण एवं संशोधनका लागि अनुरोध गरेका देहाय बमोजिमका नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाको मस्यौदा आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त मस्यौदा उपर छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | कानुनको विवरण | कैफियत |
|---|---|---|
| १ | बागमती गाउँपालिका मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खानिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ | स्वीकृत |
| २ | बागमती गाउँपालिकाको खेलकुद एकेडेमी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ | स्वीकृत |

साथै तपसिलको कार्यविधिको मस्यौदा निर्माण गरी पेश गर्नका लागि विधेयक समितिलाई अनुरोध गर्ने।

तपसिल

| क्र.सं. | कानुनको विवरण | कैफियत |
|---|---|---|
| १ | बागमती गाउँपालिका अन्तर्गत नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| २ | महिला समूह, महिला समिति तथा निगरानी समूह गठन, संचालन एवं व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८१ | निर्माण |

मिति: २०८१।११।१३ गते गाउँ कार्यपालिका बैठक नं. ५५

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हर्नामाडी, मकवानपुर बागमती प्रदेश, नेपाल

**निर्णय नं. ०५**

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा गुणी बिल्डर्स एण्ड मिनरल्स कम्पनी प्रा.लि., मनहरी-०७, मकवानपुरको मिति २०८१।०९।१७ गतेको प्राप्त पत्रानुसार बागमती गाउँपालिका वडा नं. ०५, ०६, ०७ र ०९ मा रहेको निजी जग्गा व्यवस्थापन गरी उक्त जग्गाबाट उत्खनन् भएको माटो तथा ढुंगा बिक्री वितरण गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्न एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि. हेटौंडा-०१, मकवानपुरको विज्ञ टोलीको प्राविधिक सहयोगमा तयार गरेको कार्यसूची (ToR) स्वीकृतिको लागि पेश भएको हुँदा बागमती गाउँपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको राय सहितको प्रतिवेदन, वातावरण संरक्षण ऐन, २०७६ को दफा ५, बागमती गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१, बागमती गाउँपालिका मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ एवं वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५ को उपनियम १ तथा सोही नियमावलीको अनुसूची-७ बमोजिम प्रचलित कानुनको अधीनमा रहि कार्य गर्ने र गराउनु पर्ने गरी उक्त कार्यसूची स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै सोको जानकारी सम्बन्धित कम्पनीलाई गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

प्रमाणित

**निर्णय नं. ०६**

**प्रस्तावित विषय नं. ०६** प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित दीर्घ रोगी, गम्भिर प्रकृतिका विरामी तथा विपद्‌मा परेकालाई आर्थिक सहयोग खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मिठु मायाँ विश्वकर्मा | बागमती-०७ | १०,०००।- | |
| २ | छलीमायाँ घलान | बागमती-०७ | १०,०००।- | |
| ३ | कर्ण बहादुर भोलन | बागमती-०७ | १०,०००।- | |
| ४ | बबिता विश्वकर्मा | बागमती-०८ | १०,०००।- | |
| ५ | बर्त मायाँ रखाल | बागमती-०९ | २५,०००।- | |
| ६ | कुन्साङ पाखिन | बागमती-०३ | १०,०००।- | |
| ७ | बीर बहादुर गोले | बागमती-०३ | २५,०००।- | |
| ८ | भीम बहादुर मोक्तान | बागमती-०१ | २५,०००।- | |
| ९ | मिलन पाखिन | बागमती-०४ | २५,०००।- | |
| १० | सुरेन्द्र कुमार राई | बागमती-०१ | २५,०००।- | |

घलान
अध्यक्ष

मिति: २०८१।११।१३ गते गाउँ कार्यपालिका बैठक नं ५५

निर्णय नं ०७

प्रस्तावित विषय नं. ०७ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहानुसार सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

१. बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित छात्रवृत्ति कार्यक्रमबाट खर्च हुने गरी देहायका विद्यार्थीहरुलाई आवश्यकता एवं मागको आधारमा छात्रवृत्ति रकम प्रदान गर्ने।

देहाय

| क्र.सं. | विद्यार्थीको नाम, थर | ठेगाना | अध्ययनरत शैक्षिक संस्था | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | देविका वि.क. | बागमती-०७ | हेटौंडा क्याम्पस | १५,०००।- | |
| २ | सरला राई | बागमती-०२ | भुटनदेवी मा.वि. | १५,०००।- | |

प्रमाणित

अध्यक्ष